# बजेट वक्तव्य

१. सिद्ध कुमाख गाउँपालिकाको १९ औं गाउँ सभा बैठकका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यूहरू, विषयगत शाखा प्रमूखज्यूहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारीज्यूहरू, सञ्चारकर्मी मित्रज्यूहरू, सुरक्षाकर्मीज्यूहरू तथा उपस्थित सम्पुर्ण महानुभावहरूलाई मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट हार्दिक अभिवादन सहित स्वागत गर्दछु ।

२. यस गाउँपालिकाको समग्र क्षेत्र तथा पक्षको विकास र समृद्धिका लागि आज सिद्ध कुमाख गाउँपालिकाको १९ औं गाउँ सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्ष तथा गौरव को अनुभूति गरेको छु ।

३. नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन अर्पण गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरू प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । साथै जनाधिकार र राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनको क्रममा बेपत्ता भएका, घाईते, पिडित नागरिकहरूप्रति उच्च सम्मान र गहिरो सहानुभूति प्रकट गर्दछु । नेपालमा राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धि स्थापनार्थ भएका हरेक राजनीतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक नमन र सम्मान व्यक्त गर्दछु ।

४. अब म नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले

दिएको अधिकार प्रयोग गरी यस गाउँ सभामा सिद्ध कुमाख गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

अब यस गरिमामय सभा समक्ष वार्षिक योजना तथा बजेट तर्जुमाका आधार, उद्देश्य र प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु ।

५. **वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरूः-**

क) नेपालको संविधान

ख) स्थानीय सरकार संचालन ऐन, २०७४

ग) स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७८

घ) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

ङ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

च) गाउँपालिकाबाट तयार पारिएको आवधिक योजना, नीति, कार्यविधि, निर्देशिकाहरू,

छ) विषयगत समितिबाट आएका नीतिगत विषय एवं सिफारिसहरू,

ज) वडा समितिका प्राथमिकताका कार्यक्रमहरू,

झ) गाउँपालिकाका गौरवका, अति आवश्यक ठानिएका, क्रमागत विकास आयोजनाहरू,

ञ) विज्ञ तथा स्थानीय सरोकारवाला, राजनितिक दलका प्रतिनिधिहरूसँगको परामर्श एवं सुझावहरू,

ट) समुदायमा भएको जनसुनुवाई र सर्वेक्षणबाट सङ्कलित आवश्यकताहरु,

ठ) प्रदेश सरकार र संघीय सररकारका नीति तथा कार्यक्रमसँग समन्वय गरी तर्जुमा गरिएका योजनाहरु ।

## ६. बजेट तथा कार्यक्रमका उद्देश्यहरू:-

क) शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिई यी क्षेत्रहरूमा आम नागरिकको सहज पहुँच पुऱ्याउँदै गुणस्तरीय सेवा उपलब्ध गराउने,

ख) कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरणका माध्यमबाट उत्पादन र उत्पादत्व वृद्धि गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने,

ग) शैक्षिक जनशक्ति व्यवस्थापन तथा पुर्बाधार विकासमा लगानी बृद्धि गरी गुणस्तरीय एवम् प्रविधिमैत्री शिक्षामा जोड दिने ।

घ) स्वास्थ्य क्षेत्रको संस्थागत क्षमाता विकास गरी नागरिक पहुच अभिबृद्धि गर्ने ।

ङ) व्यवसायीक पशुपंछीपालन, त्यसको श्रोत विकास तथा संरक्षण सेवा तथा वजार व्यवस्थापनमा सहयोग पुऱ्याई उन्नत पशुपालन पेशालाई कृषक परिवारको प्रमुख आयश्रोतको रुपमा विकास गर्ने,

च) सुरक्षित तथा स्वस्थ जिवनयापनका लागि खानेपानी तथा सरसफाई क्षेत्रको विकास तथा विस्तार गर्ने,

छ) कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरूको उत्पादन प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गर्ने,

ज) आधाभूत भौतिक पूर्वाधारहरूको विकास र विस्तार गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने,

झ) विभिन्न जातजाती, भाषा भाषी, धर्म र संस्कृतिका साथै मौलिक र परम्परागत सीप, कला र प्राकृतिक स्थलहरूको संरक्षण, सम्वर्द्धन र विकास गरी समुन्नत, सुदृढ, स्वाधीन र समृद्ध गाउँपालिका निर्माण गर्ने,

ञ) सार्वजनिक सेवा प्रवाहमा नागरिक पहुँच अभिवृद्धि गरी सुशासनको प्रत्याभुति गर्ने ।

## ७. बजेट तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरूः-

क) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत सामाजिक विकास गर्न,

ख) कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास गर्न,

ग) सडक तथा पुल (झोलुङ्गे पुल), सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा जलविद्युत, संचार क्षेत्रको विकास, पूर्वाधार विकास गर्न,

घ) महिला दलित आदिवासी जनजाति अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक लगायतका वर्गको संरक्षण क्षमता अभिबृद्धि र समावेशी विकासमा जोड दिने ।

ङ) शासकीय सक्षमताको विकास गरी सुशासन र सदाचार प्रवर्द्धन गर्ने,

अब म आ.व. २०८३/०८४ का लागि प्रस्तुत हुने वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका प्रमुख चुनौतीहरू र सम्भावनाहरू प्रस्तुत गर्न चाहन्छु ।

## ८. बजेट तथा कार्यक्रमका प्रमुख चुनौतीहरूः-

क) जनताको विकास प्रतिको तीव्र, महत्वकांक्षा र सिमित स्रोत साधन,

ख) राजश्व स्रोत परिचालन तथा दायरा बिस्तारमा कठिनाई,

ग) प्राकृतिक प्रकोप, विपद् तथा जलवायु परिवर्तनका असरको सामना,

घ) पूर्वाधारको अभाव,

ङ) युवा बेरोजगारलाई व्यवस्थापन गर्नु,

च) जनताको बढ्दो मागलाई आवश्यकता अनुसार सम्बोधन गर्नु,

९. **बजेट तथा कार्यक्रमका प्रमुख सम्भावनाहरूः-**

क) शिक्षामा प्रविधिको उच्चतम प्रयोग गरी गुणस्तरीय शिक्षा सुनिश्चितता,

ख) कृषि तथा पशुपालनमा बजारीकरणको सम्भावना,

ग) राजश्वको क्षेत्र र दायरा विस्तार,

घ) आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको सम्भावना,

ङ) स्वास्थ्य सेवा, शिक्षा क्षेत्रमा बढ्दो सूचना प्रविधिको प्रयोग,

च) विकासमा लागत साझेदारी गर्न सकिने,

छ) औद्योगिक क्षेत्र बन्न सक्ने ।

१०. सिमित स्रोत साधनले असीमित माग र बढ्दो आकांक्षालाई एकैपटकमा सम्बोधन गर्न नसकिने यथार्थता एकातर्फ छ भने स्रोतको न्युनताले हामीले चाहे जस्तो विकासका कार्यहरूमा लगानी वृद्धि गर्न सकिएको छैन । यो बजेट तर्जुमा गर्दा नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान, राजश्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी र गाउँपालिकाको आन्तरिक राजश्व परिचालनबाट प्राप्त हुने आम्दानी समेतको अनुमानमा यस गाउँ सभाका सभाध्यक्ष महोदयद्धारा प्रस्तुत नीति तथा कार्यक्रमहरूलाई मध्येनजर गरी स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित हुँदै सकेसम्म गाउँपालिकाको समग्र विकासलाई सन्तुलित बनाउने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

अब म चालु आ.व. २०८२/८३ मा यस गाउँपालिकाको आय व्ययको संशोधित अनुमान तथा सम्पादित महत्वपूर्ण कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**११. चालु आ.व. २०८२/०८३ को संशोधित आय अनुमानः-**

चालु आ.व. २०८२/०८३ मा शुरू आय अनुमान **रू.३५ करोड ३७ लाख** रहेकोमा संशोधित आय अनुमान **रू.३६ करोड ७ लाख ६६ हजार २ सय ५१ रुपैया ८१ पैसा** रहेको छ । यसमा गत वर्षको बाँकी मौज्दात सहित आन्तरिक आय तर्फ **१ करोड ९६ लाख ८६ हजार २ सय ५१ रुपैया ८१ पैसा,** संघीय समानीकरण अनुदान तर्फ **रू.७ करोड २ लाख**, संघीय सशर्त अनुदान तर्फ **रू.१४ करोड ८२ लाख ८० हजार,** संघीय विशेष अनुदान तर्फ **रु.१ करोड ३० लाख**, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ **रु.७ करोड १५ लाख ४९ हजार २ सय ८५**, संघीय समपुरक अनुदान वाफत **रू.९६ लाख**, प्रदेश समानीकरण अनुदान तर्फ **रू.८३ लाख ९९ हजार**, प्रदेश सशर्त अनुदान तर्फ **रु.१ करोड ८२ लाख ३७ हजार**, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ **रु.१५ लाख १८ हजार ८ सय १३ रुपैया ९० पैसा र स्थानीय राजश्व बाँडफाँडबाट रु.२ लाख ९५ हजार ९ सय १ रुपैया १० पैसा** संशोधित आय अनुमान रहेको छ ।

त्यसै गरी संघीय एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने गरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ **रू.५ करोड ३५ लाख ६१ हजार , प्रदेश एकल खाताकोष प्रणाली मार्फत भुक्तानी हुने सहिद स्मृति र घाइते अपाङ्गता सहायता कार्यक्रम तर्फ रु.९ लाख ३६ हजार** को शुरू अख्तियारी प्राप्त भएको छ ।

**१२. चालु आ.व. २०८२/०८३ को संशोधित व्यय अनुमानः-**

चालु आ.व. २०८२/०८३ मा शुरू व्यय अनुमान **रू.३५ करोड ३७ लाख** रहेकोमा संशोधित व्यय अनुमान **रू.३६ करोड ७ लाख ६६ हजार २ सय ५१ रुपैया ८१ पैसा** रहेको छ । यसमा संशोधित चालु खर्च तर्फ **रू.२७**

**करोड १९ लाख ८१ हजार २ सय ५१ रूपैया ८१ पैसा** अनुमान रहेको छ भने संशोधित पुँजीगत खर्च तर्फ **रू.८ करोड ८७ लाख ८५ हजार** अनुमान रहेको छ । हालसम्मको वित्तीय प्रगती **५७ दशमलव २३** प्रतिशत रहेको छ ।

त्यसै गरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ चालु आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिकसम्म सामाजिक सुरक्षा भत्ता वितरणमा **रू.३ करोड ९६ लाख ४ हजार २ सय २७** खर्च भएको छ । सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फको अन्तिम त्रैमासिक सामाजिक सुरक्षा भत्ता यथाशिघ्र वितरणको व्यवस्था मिलाईने छ ।

**१३. चालु आ.व. २०८२/०८३ मा प्राप्त मुख्य उपलब्धीहरू:-**

क) चालु आर्थिक वर्षमा गाउँपालिकाबाट कार्यान्वयन भएका ठूला पूर्वाधार योजना अन्तर्गत ढोरचौर-फलाटे सडक र १ नं वडाको प्रशासनिक भवन निर्माण कार्य सञ्चालित अवस्थामा रहेका छन् ।

ख) गाउँपालिकाको ठूला आयोजनाको रुपमा त्रिवेणी-मेलचौर सडक स्तरोन्नती योजना, उचाल्ने करेञ्जी सडक स्तरोन्नती योजना निर्माण सम्पन्न तथा चिप्ले धानेटाकुरा दारदा पदमार्ग, राम्री दह सडक लगाएत अन्य योजना निर्माण कार्य अन्तिम चरणमा रहेका छन ।

ग) विद्यालय शिक्षक, विद्यार्थी तथा अभिभावकको  व्यापक सहभागिताका साथ गाउँपालिकामा विद्यालयको प्रार्थना व्यवस्थापन, अभिभावक शिक्षा, साङ्गीतिक पिटी प्रशिक्षण एवं व्यवहारिक उत्प्रेरणा कार्यक्रम सम्पन्न भएको छ ।

घ) शिक्षा क्षेत्रलाई डिजीटलमैत्री बनाउन शैक्षक डिजीटल पूर्वाधार निर्माण तथा शैक्षिक सूचना प्रणाली व्यवस्थापन सम्बन्धी ५ दिने क्षमता विकास तालिम सम्पन्न भएको छ ।

ङ) खेलकुद क्षेत्रको विकासका लागि पालिकस्तरीय अध्यक्षकप र राष्ट्रपती रनिङ्ग सिल्ड प्रतियोगिता तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता सम्पन्न भएका छन् ।

च) कृषकको माटो सुधार कार्यक्रम अन्तर्गत ५ वटै वडाको करिब १०५ स्थानको माटोको नमुना परीक्षण गरी आवस्यक बमोजिम करिब ३०० के. जी. कृषी चुन वितरण कार्य सम्पन्न भएको छ ।

छ) नश्ल सुधार कार्यक्रम अन्तर्गत ३३ वटा पशुमा कृत्रिम गर्भाधान, पशु स्वास्थ्य शिविर सञ्चालन मार्फत र पशु सेवा शाखाबाट करिव ९ हजार ४ सय ५४ पशुपन्छीको उपचार सेवा प्रदान गरिएको छ ।

ज) सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता परियोजना अन्तर्गत ७ वटा मध्ये ६ वटा खानेपानी योजना निर्माण र गाउँपालिका भित्रका करिब ३० वटा खानेपानी मुल र ट्याङ्कीहरुको पानी परीक्षण कार्य सम्पन्न भएका छन ।

झ) त्यसैगरी सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता परियोजना अन्तर्गत ३ वटा विद्यालयमा शौचालय निर्माण र १ वटा शौचालय मर्मत सम्भार कार्य सम्पन्न भएको छ ।

ञ) प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्रत्यक्ष रूपमा ३४ जनालाई १०० दिन बराबरको रोजगारी सिर्जना भएको छ ।

ट) मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्यक्ष रुपमा कुल १४२ जनालाई ३० दिन बराबरको रोजगारी सिर्जना भएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बिषय क्षेत्रगत कुल बजेट विनियोजनको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१४. **आगामी आ.व. २०८३/०८४ को बजेट विनियोजनः-**

क) गाउँपालिका तर्फ **रु.११ करोड ७२ लाख ९३ हजार** विनियोजन गरेको छु । जसमध्ये चालु खर्च तर्फ **रु. ८ करोड ३५ लाख ७७ हजार ६ सय २ रुपैया ४९ पैसा** र पुँजीगत खर्च तर्फ **रु.३ करोड ३७ लाख १५ हजार ३ सय ९७ रुपैया ५१ पैसा** रहेको छ ।

ख) **शिक्षा, युवा तथा खेलकुद शाखा** तर्फ **रु.२ करोड २५ लाख ६६ हजार** विनियोजन गरेको छु ।

ग) **स्वास्थ्य शाखा** तर्फ **रु.९२ लाख ५० हजार** विनियोजन गरेको छु ।

घ) **कृषी शाखा** तर्फ **रु.२० लाख ५० हजार** विनियोजन गरेको छु ।

ङ) **पशुपन्छि विकास शाखा** तर्फ रु.२० **लाख** विनियोजन गरेको छु ।

च) **महिला तथा बालवालिका शाखा** तर्फ **रु.२० लाख** विनियोजन गरेको छु ।

छ) **न्यायीक समिति** तर्फ **रु. ५ लाख** विनियोजन गरेको छु ।

ज) **सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई** तर्फ **रु. ५ लाख** विनियोजन गरेको छु ।

ठ) **दिगो खानेपानी, सरसफाई तथा स्वच्छता परियोजना** कार्यान्वयनको लागी साझेदारी मार्फत **रु.५८ लाख ४१ हजार** विनियोजन गरेको छु ।

ड) **वडा तर्फ रु.१ करोड ५ लाख** विनियोजन गरेको छु ।

ढ) संघीय सरकार र प्रदेश सरकार तर्फ शसर्त, समपुरक र विशेष अनुदान कार्यक्रम तर्फ **रु.२२ करोड ४ लाख ६८ हजार** विनियोजन भएको छ ।

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रमुख बिषय क्षेत्रगत कार्यक्रमहरू तथा व्यय अनुमानको विवरण पेश गर्न अनुमति चाहन्छु ।

## १५. आगामी आ.व. २०८३/०८४ का प्रमुख बिषय क्षेत्रगत कार्यक्रमहरू तथा व्यय अनुमानः-

### आर्थिक विकास क्षेत्र

झ) कृषी क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन कृषकहरुको लागत साझेदारीमा खाद्यान्न बाली तथा तरकारीको बिउ वितरण कार्यक्रमको लागी **रु.७ लाख** विनियोजन गरेको छु।

ञ) कृषी उत्पादन तथा उत्पादकत्व बढाउन कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागी **रु.३ लाख विनियोजन** गरेको छु ।

ट) आकस्मिक बाली संरक्षण कार्यक्रमलाई निरन्तरता दिनको लागि **रु.२ लाख** विनियोजन गरेको छु ।

ठ) रोग लाग्नु भन्दा रोग लाग्न नदिनका लागि व्यापक रूपमा खोप कार्यक्रमलाई निरन्तरता दिईनुका साथै **निःशुल्क पशु स्वास्थ्य शिविर**

**संचालन**का लागि **रु.२ लाख** र **औषधी खरिद तथा वितरण**का लागि **रु.५ लाख** विनियोजन गरेको छु ।

ङ) **पशुपन्छी विकास कार्यक्रम अन्तर्गत** गाईभैंसी प्रवर्द्धन कार्यक्रम लागि सशर्त अनुदाबाट **रु.५ लाख ८० हजार** विनियोजन भएको छ ।

ढ) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नका लागि शसर्त अनुदानबाट **रु.७ लाख** विनियोजन भएको छ ।

**सामाजिक विकास क्षेत्र**

क) हरेक नागरिकको शुद्ध खानेपानीमा पहुँच सुनिश्चित गर्न"**एक घर एक धारा**" नीति तथा अभियान कार्यान्वयन गर्न संघीय विशेष अनुदानबाट **शारदा देविदर्का उपल्लो बाँझकाडा एक घर एक धारा मर्मत तथा निर्माण योजना**को लागि **रु.१ करोड ५ लाख** विनियोजन भएको छ ।

ख) खेलकुद क्षेत्रलाई सिद्ध कुमाख गाउँपालिकाको पहिचानको रुपमा स्थापना गर्न अध्यक्ष कप, राष्ट्रपती रनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन गरिने छ । यसका लागी **रु.१६ लाख** विनियोजन गरेको छु ।

ग) सामुदायिक विद्यालयका निजी शिक्षक, बाल विकास सहयोगी र कर्मचारी व्यवस्थापनको लागि **रु.१ करोड ७५ लाख ६६ हजार** विनियोजन गरेको छु ।

घ) सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि शसर्त अनुदानबाट **रु.८ लाख ७५ हजार** विनियोजन भएको छ ।

ङ) सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनको लागि शसर्त अनुदानबाट **रु.२१ लाख ३८ हजार** विनियोजन भएको छ ।

च) सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान व्यवस्था मिलाएको छ । यसका लागि शसर्त अनुदानबाट **रु.५२ लाख ३१ हजार** विनियोजन भएको छ ।

छ) सामुदायिक विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानका लागि शसर्त अनुदानबाट **रु.२० लाख १५ हजार** विनियोजन भएको छ ।

ज) शैक्षिक सुशासन प्रबर्द्धनका लागि विद्यालयमा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि शसर्त अनुदानबाट **रु.२५ लाख ५८ हजार** विनियोजन भएको छ ।

झ) सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रबृत्तिका लागि शसर्त अनुदानबाट **रु.८ लाख ४० हजार** विनियोजन भएको छ ।

ञ) गर्भवती, सुत्केरी महिला र दुई वर्ष मुनिका बालबालिकाहरूमा पोषणको अवस्था सुधार गरी कुपोषण, मातृ मृत्युदर र बाल मृत्युदरलाई न्यूनीकरण गर्न **मातृ तथा बालबालिका पोषण सुधार कार्यक्रम**को लागि प्रदेश सरकार विशेष अनुदानबाट **रु. ४० लाख** विनियोजन भएको छ ।

ट) महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी कार्यक्रम संचालनका लागि **रु.२० लाख** विनियोजन गरेको छु ।

ठ) स्वास्थ्य प्रबर्द्धन र दिगो पोषण आहारको लागी अध्यक्ष र उपाध्यक्ष पोषण वितरण कार्यक्रम संचालन गरिनेछ । यसका लागि **रु.१८ लाख** विनियोजन गरेको छु ।

ड) सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता परियोजनालाई निरन्तरता दिईनेछ । यसका लागि सशर्त अनुदानबाट **रु.२ करोड ८**

**लाख** र गाउँपालिकाको लागत साझेदारीमा **रु. ५८ लाख ४१** विनियोजन गरेको छु ।

**पुर्वाधार विकास क्षेत्र**

क) ढोरचौर-फलाटे सडक स्तरोन्नती तथा कालोपत्रे सडक निर्माण कार्यलाई निरन्तरता दिन संघीय सरकार सँगको लागत साझेदारीमा **रु.१ करोड ४३ लाख ७५ हजार** विनियोजन गरेको छु ।

ख) उचाल्ने खार्बन सागिने सडक स्तरोन्नती गर्न संघीय सरकारको लागत साझेदारीमा **रु. ७५ लाख** विनियोजन गरेको छु ।

ग) सिद्धेश्वरी स्वास्थ्य चौकी भवन निर्माणको लागि प्रदेश सरकार सँगको लागत साझेदारीमा **रु. २ करोड** विनियोजन गरेको छु ।

घ) झारगाउँ-मर्मालचौर-सिमपाखा हुँदै उचाल्ने जोड्ने सडक निर्माणको लागि प्रदेश सरकार सँगको लागत साझेदारीमा **रु. २ करोड** विनियोजन गरेको छु ।

ङ) विभिन्न वडा अन्तर्गतका नियमित सञ्चालन हुने सडक मर्मत योजनाको लागी **रु.६ लाख ७० हजार** विनियोजन गरेको छु ।

च) त्रिवेणी मेलचौर पदमार्ग निर्माण योजना वडा नं. १ को लागी प्रदेश सरकार सशर्त अनुदानबाट **रु.१५ लाख** विनियोजन भएको छ ।

छ) विच पक्की सिचाई कुलो निर्माण योजना वडा नं. २ को लागी प्रदेश सरकार सशर्त अनुदानबाट **रु.१५लाख** विनियोजन भएको छ ।

ज) गतेर्ना देखि मुर्तिलेख पर्यटन पदमार्ग निर्माण योजना वडा नं. ३ को लागी प्रदेश सरकार सशर्त अनुदानबाट **रु.१५लाख** विनियोजन भएको छ ।

झ) नौधारी माथिल्लो सिचाई कुलो विस्तार तथा मर्मत योजना वडा नं.४ को लागी प्रदेश सरकार सशर्त अनुदानबाट **रु.१५लाख** विनियोजन भएको छ ।

ञ) मंगरा खोला देखि डुरा नेटा हुदै सिमखेत सिचाई कुलो निर्माण योजना वडा नं. ५ को लागी प्रदेश सरकार सशर्त अनुदानबाट **रु.१५लाख** विनियोजन भएको छ ।

ट) हम्पाल हुँदै बानपा जोड्ने सडक निर्माणको लागि प्रदेश सरकार सशर्त अनुदानबाट **रु.१५लाख** विनियोजन भएको छ ।

ठ) खर्पुलेक तिमिले सडक निर्माण योजनाको लागि प्रदेश सरकार शसर्त अनुदानबाट **रु.१५ लाख** विनियोजन गरेको छु ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

क) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम संचालनका लागि **रु.५ लाख** विनियोजन गरेको छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र**

क) गाउँपालिका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमको लागि **रु.४ लाख** विनियोजन गरेको छु ।

ख) कर्मचारीको कार्यको परिणाम, गुणस्तर, र तोकिएको समयसीमाको मूल्याङ्कन गरी सोही आधारमा थप सुविधा वा भत्ता प्रदान गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको लागि **रु. १८ लाख** विनियोजन गरेको छु ।

ग)	गाउँपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई उच्च मनोबलयुक्त बनाई गाउँपालिकाको दीर्घकालिन सोच, उद्देश्य, नीति तथा कार्यक्रम अनुरुप काम गर्ने वातावरण तयार गर्न कार्यविधि तथा सूचकहरुको आधारमा प्रोत्साहन तथा पुरुस्कार प्रदान गर्न आवस्यक बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

अब म नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१६.** आगामी आ.व. २०८३/०८४ का लागि नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न **३९ करोड २९ लाख ६८ हजार** विनियोजन गरिएको छ ।

**१७.** आगामी आ.व. २०८३/०८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट **रू. ३२ लाख ५५ हजार** को राजश्व परिचालन हुने अनुमान गरेको छु । त्यसै गरी संघीय समानीकरण अनुदान वापत रू.**७ करोड** ४४ **लाख**, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट **रू.७ करोड** ४४ **लाख ३० हजार**, संघीय शसर्त अनुदान तर्फ रू.**१५ करोड** २९ **लाख**, संघीय समपुरक अनुदान वापत **रू.१ करोड ७५ लाख, संघीय विशेष अनुदान वापत रु.१ करोड ५ लाख** आय प्राप्त हुने हुने अनुमान गरेको छु ।

त्यसै गरी प्रदेश समानीकरण अनुदान बाट **रू.८७ लाख** ९१ **हजार**, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट **१४ लाख ७९ हजार ७ सय ६६ रुपैया** ४० **पैसा**, प्रदेश शसर्त अनुदान तर्फ **रु.१ करोड १५ लाख ६८ हजार, प्रदेश समपुरक अनुदान वापत रू.**२ **करोड** ४० **लाख, प्रदेश विशेष अनुदान वापत रु.**४० **लाख** र स्थानीय राजश्व बाँडफाँडबाट **रु. १ लाख** ४४ **हजार** २ **सय ३३ रुपैया ६०** **पैसा** आय प्राप्त हुने अनुमान गरेको छु ।

चालु आ.व.को अषाढ मसान्तसम्म खर्च नभई बचत हुने रकम **रू.१ करोड** रहने अनुमान गरेको छु । साथै चालु आर्थिक वर्ष समाप्ती सँगै थप रकम बचत हुन गएमा यसै बजेटको अंश भई जाने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

१८. आगामी आ.व. २०८३/०८४ मा कुल बजेट विनियोजन **रू.३९ करोड २९ लाख** रहेको छ ।जस मध्ये चालु खर्च तर्फ **रू.२७ करोड २६ लाख ४२ हजार ६ सय २** अर्थात **६९ दशमलव ३८ प्रतिशत** र पुँजीगत खर्च तर्फ **रू.१२ करोड ३ लाख २५ हजार ३ सय ९८** अर्थात **३० दशमलब** ६२ हुने अनुमान गरेको छु ।

१९. यस गाउँपालिका अन्र्तगत संघीय सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकोले आगामी आर्थिक वर्षमा उक्त कार्यक्रमको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८३।८४ का लागि राजश्व परिचालन नीति प्रस्तुत गर्न चाहन्छु ।

२०. **आगामी आ.व. २०८३/०८४ का राजश्व नीतिः-**

क) **नेपालको संविधान** तथा **स्थानीय सरकार संचालन ऐन, २०७४** ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कूल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायरा बिस्तार गर्ने नीति लिएको छु ।

ख) आन्तरिक राजश्वका दायरा विस्तार गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्पूर्ण वडा कार्यालयहरूमा अनिवार्य रूपमा **स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA)** मा थप भएको **राजश्व मोड्युल** अनिवार्य लागु गरी नियमित राजश्व संकलन गर्ने व्यवस्था मिलाईने छ ।

घ) राजश्व सुधारका लागि राजश्व सुधार कार्य योजनामा आवस्यक सुधार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

ङ) स्थानिय बजार क्षेत्रमा दर्ता तथा नबिकरणको दायरामा आउन नसकेका सबै व्यवसायलाई नियमित बजार अनुगमन तथा नगर प्रहरी परिचालनका माध्यमबाट दर्ता तथा नविकरण गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

च) रोडा, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, विज्ञापन कर, मनोरञ्जन कर आदिको दर तथा दायरा विज्ञ समूहबाट अध्ययन गराई राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ ।

छ) गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण घरहरूको अभिलेखाङ्कन गर्न आवस्यक व्यवस्था गरिने छ ।

ज) गाउँपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ ।

झ) विद्यमान राजश्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजश्व सङ्कलन, राजश्व प्रशासन संस्थागत व्यवस्था, आय श्रोतहरूको सम्भावना र यथार्य सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गरी सुधार गर्दै लगिने छ ।

२१. हामीले प्रस्तुत गरेका नीति तथा कार्यक्रम र बजेटबाट गाउँपालिकाबासीका आधारभुत आवश्यकताहरू परिपूर्ति गरी जीवनस्तर गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध सिमित स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिकाबासीको आर्थिक उन्नतीमा टेवा पुग्ने र बञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको विकासमा मुलप्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

२२. उल्लेखित बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती, गाउँ, टोल हुँदै गाउँ कार्यपालिकाबाट तय भएका अनुसूचीमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफलको लागि अनुरोध गर्दछु ।

२३. अन्तमा आव २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रमहरु तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव र सहयोग प्रदान गर्नु हुने सम्पुर्ण जनसमुदायहरु, राजनैतिक दलका प्रतिनिधिहरु, गाउँपालिकाका अध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, अहोरात्र खटिएर काम गर्नु हुने राष्ट्रसेवक कर्मचारीहरु, गै.स.स., नागरिक समाज, पत्रकार मित्रहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**हार्दिक धन्यवाद !**

**नमस्कार ! !**

..................................

**राम बहादुर बस्नेत**

**उपाध्यक्ष**

**२०८३ साल असार ०७ गते आईतबार ।**